- तलासी लिंदा कसूरसँग सम्बन्धित साधन वा कसूरबाट प्राप्त सम्पत्ति वा कागजात वा दशी प्रमाण फेला परेमा सम्बन्धित व्यक्ति वा पदाधिकारीलाई सोको विवरण सहितको भरपाई दिई त्यस्तो कागजात, लिखत, दशी, प्रमाण वा कसूरसँग सम्बन्धित साधन वा कसूरबाट प्राप्त सम्पत्ति बरामद गरी नियन्त्रणमा लिनुपर्नेछ।

## २.३ सम्पत्तिको स्रोत खुलाउन माग गर्ने

- सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको अनुसन्धान गर्दा अनुसन्धान अधिकारीले देहायको अवस्थामा आफूले सङ्कलन गरेको विवरण अनुसारको सम्पत्तिको स्रोत सम्बन्धित व्यक्तिसँग माग गर्न सक्नेछः-
  (क) कसूरबाट प्राप्त सम्पत्ति वा साधन भएको सम्बद्ध कसूरमा मुद्दा चल्ने अवस्था देखिएमा,
  (ख) सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ बमोजिमको कसूरमा मुद्दा चल्ने अवस्था देखिएमा,
  (ग) अनुसन्धानको सिलसिलामा प्राप्त गरेको विवरणबाट अनुसन्धानमा रहेको व्यक्तिको सम्पत्ति वा जीवनस्तर निजको आयस्रोतको तुलनामा उल्लेख्य रूपमा अस्वाभाविक देखिएमा,
  (घ) सम्पत्ति र राजस्व भुक्तानीमा तात्विक फरक देखिएमा।
- सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा २८ बमोजिम कुनै व्यक्तिको स्रोत नखुलेको सम्पत्ति भएकोमा र अनुसन्धान गर्दा सम्बद्ध कसूरबाट आर्जन गरेको प्रमाणबाट देखिन नआएकोमा अनुसन्धान अधिकारीले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा पठाउनेछ।
- सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले स्रोत नखुलेको अस्वभाविक सम्पत्तिका सम्बन्धमा त्यस्तो व्यक्तिसँग सम्पत्तिको स्रोत माग गर्नसक्नेछ।
- सम्बन्धित व्यक्तिले स्रोत खुलाउन नसकेमा र अनुसन्धान गर्दा सम्बद्ध कसूर वा अन्य कुनै कसूरबाट आर्जन गरेको प्रमाणबाट नदेखिएमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले कर निर्धारण गर्न आन्तरिक राजस्व विभागमा लेखी पठाउनेछ।
- कर निर्धारण गर्न आन्तरिक राजस्व विभागमा अनुरोध भै आएकोमा आन्तरिक राजस्व विभागले कर सम्बन्धी कसूर गरे/नगरेको विषयमा अनुसन्धान गर्नेछ।
- आन्तरिक राजस्व विभागले अनुसन्धान गर्दा कुनै व्यक्तिको स्रोत नखुलेको अस्वभाविक सम्पत्ति देखिएको तर सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ वा अन्य कानूनअन्तर्गत मुद्दा चलाउन मिल्ने नदेखिएमा सो आर्थिक बर्षको उच्चतम आय मानि सो हदसम्म कर निर्धारण गरी असुल गर्नुपर्नेछ।

## २.४ सम्पत्तिको रोक्का र नियन्त्रण

- प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसन्धान अधिकारीले कसूरको अनुसन्धानको सिलसिलामा कसूरबाट प्राप्त सम्पत्ति वा कसूरसँग सम्बन्धित साधन वा सो भएको शंका गर्नुपर्ने मनासिब आधार भएको सम्पत्ति वा साधन जोसुकैको नाम, भोग, स्वामित्व वा कुनै पनि प्रकारको हक वा हित रहे भएको भए तापनि तत्काल रोक्का राख्न वा नियन्त्रणमा लिन सक्नेछ।
- अनुसन्धान अधिकृतले अनुसन्धानको सिलसिलामा देहायको सम्पत्ति वा साधन र सोसँग सम्बन्धित भएको शङ्का गर्नु पर्ने मनासिब आधार भएको सम्पत्ति वा साधन जोसुकैको नाम, भोग, स्वामित्व वा कुनै पनि प्रकारको हित रहे भएको भए तापनि रोक्का राख्न वा नियन्त्रणमा लिन सक्नेछः
  - शुद्धीकरण गरिएको सम्पत्ति,
  - सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर गर्न प्रयोग गरिएको वा प्रयोग गर्न खोजिएको कसूरसँग सम्बन्धित साधन,
  - आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरबाट प्राप्त सम्पत्ति,
  - आतङ्ककारी कार्यमा वित्तीय लगानीको लागि वा आतङ्ककारी कार्य वा आतङ्ककारी व्यक्ति, आतङ्ककारी सङ्गठनले प्रयोग गरेको वा प्रयोग गर्न छुट्याइएको वा प्रयोग गर्न खोजिएको सम्पत्ति वा कोष, वा
  - आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर गर्न प्रयोग गरिएको वा प्रयोग गर्न खोजिएको कसूरसँग सम्बन्धित साधन।
- सम्पत्ति वा साधन एक वर्षभन्दा बढी रोक्का राख्नु वा नियन्त्रणमा लिनु परेमा अदालतको अनुमति लिनु पर्नेछ।
- सम्पत्ति वा साधन लुकाएको, उपभोग गरेको, निःसर्ग गरेको (डिस्पोजिसन) वा अन्य कुनै कारणले रोक्का राख्न वा नियन्त्रणमा लिन नसकिने भएमा अनुसन्धान अधिकारीले कसूर गरेको शंका लागेको व्यक्तिको त्यस्तो सम्पत्ति वा साधनको प्रचलित मूल्य बराबर हुन सक्ने अन्य सम्पत्ति रोक्का राख्नु वा नियन्त्रणमा लिनु पर्नेछ।
- अनुसन्धान अधिकारीले सम्पत्ति वा साधन आफैंले नियन्त्रणमा लिने वा सम्बन्धित सरकारी निकाय मार्फत नियन्त्रणमा लिन आदेश जारी सक्नेछ वा त्यस्तो सम्पत्ति वा साधन सम्बन्धित व्यक्तिलाई कुनै सूचना नदिई एकतर्फी रूपमा रोक्का राख्न आदेश जारी गरी सम्बन्धित निकायलाई लेखी पठाउन सक्नेछ।

- तोकिएको म्याद/अवधिभित्र उपस्थित नभएको व्यक्तिको सम्पत्ति उक्त व्यक्ति अनुसन्धान अधिकारी समक्ष उपस्थित नभएसम्म रोक्का राखिनेछ।
- अनुसन्धान अधिकारीले कसूरसँग सम्बन्धित सम्पत्ति र साधन रोक्का / नियन्त्रणमा लिनुअघि अनुसन्धान गर्ने कार्यालयको प्रमुखलाई जानकारी गराउनुपर्नेछ। तत्काल कारबाही आवश्यक भएको अवस्थामा अनुसन्धान अधिकारीले तत्काल कारबाही गरी सकेसम्म छिटो कार्यालय प्रमुखलाई जानकारी गराउनुपर्नेछ।
- कुनै सम्पत्ति वा साधन रोक्का राखेमा वा नियन्त्रणमा लिएमा अनुसन्धान अधिकारीले तीनदिनभित्र सोको जानकारी सम्बन्धित व्यक्तिलाई दिनुपर्नेछ।
- जफत हुन सक्ने सम्पत्ति वा साधनमा प्रतिकूल असर पर्ने गरी कुनै करारीय वा अन्य दायित्व सिर्जना गर्न खोजेको देखिएमा त्यस्तो कार्य रोक्न वा गरिसकेको भए त्यस्तो कार्य बदर गराउने सम्बन्धमा आवश्यक कानूनी कारबाही चलाउनु पर्नेछ।
- सम्पत्ति वा साधन नियन्त्रणमा लिएमा वा रोक्का राखेमा सो गरेको मितिले सातदिनभित्र सो कुराको प्रतिवेदन सम्बन्धित अदालत समक्ष दिनुपर्नेछ।

## २.५ सुरक्षित नियन्त्रण, मूल्याङ्कन र अभिलेख व्यवस्थापन

- अनुसन्धान अधिकारीले नियन्त्रणमा लिइएको सम्पत्ति / साधन र सम्बद्ध कागजात अनुसन्धानको अवधिभर नोक्सानी वा क्षति नहुने गरी सुरक्षित रुपमा राख्नुपर्नेछ।
- अनुसन्धान अधिकारीले सम्पत्ति / साधनको गुणस्तर, प्रयोगको अवस्था र अवधि हेरी सो सम्पत्ति वा साधनको मूल्याङ्कन गराउनु पर्नेछ। यसरी मूल्याङ्कन गर्दा जाहेरी दरखास्त / सूचना, मुद्दा दर्ता नम्बर, शंकितको नाम, ठेगाना, सम्पत्तिको विवरण, रोक्का / नियन्त्रण आदेशको मिति, आदेश जारी गर्ने कार्यालय, र सूचना दिएको मिति एवं अन्य विवरण समावेश गरी अभिलेख राख्नुपर्नेछ।
- रोक्का राखेको सम्पत्ति कानून बमोजिम फुकुवा भएमा अनुसन्धान निकाय वा अधिकारीले सोको अभिलेख तुरुन्त अद्यावधिक गर्नुपर्नेछ।

## २.६ सम्पत्तिको प्रतिवेदन र हस्तान्तरण

- रोक्का / नियन्त्रण / जफत भएको सम्पत्तिको विवरण तोकिएको ढाँचामा तयार गरी कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग वा जिल्ला प्रशासन कार्यालयमा रोक्का नियन्त्रण गरेको मितिले सातदिनभित्र पठाउनुपर्नेछ।
- अदालतमा प्रमाणका रुपमा पेश पर्नुपर्ने बाहेकका नियन्त्रणमा लिइएको सम्पत्ति/साधन तुरुन्त कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग वा जिल्ला प्रशासन कार्यालयमा हस्तान्तरण

गर्नुपर्नेछ। हस्तान्तरण गर्न नसकिने प्रकृतिको सम्पत्ति वा साधनको हकमा विवरण उल्लेख गरी आधार र कारण सहितको जानकारी दिनुपर्नेछ।

- अनुसन्धान निकाय वा अधिकारीले यसरी हस्तान्तरण भएको सम्पत्ति तथा साधनको अभिलेख व्यवस्थित रुपमा राख्नुपर्नेछ। यस सम्बन्धमा अनुसन्धान निकाय वा अधिकारीले कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागले निर्माण गरी कार्यान्वयनमा ल्याएको सफ्टवेयर प्रणालीमा अनिवार्य रुपमा प्रविष्ट गर्नुपर्नेछ।
- कसूरजन्य सम्पत्ति वा साधन अदालतमा दसी प्रमाणको रूपमा प्रस्तुत गर्नुपर्ने भएमा अदालतको आदेश बमोजिम सो सम्पत्ति वा साधनलाई कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग वा जिल्ला प्रशासन कार्यालयलाई हस्तान्तरण गर्नुपर्नेछ।

## २.७ अन्तर्राष्ट्रिय पारस्परिक कानूनी सहायता र अन्तर्राष्ट्रिय सहकार्य

- रोक्का वा नियन्त्रणमा रहेको वा कसूरवाट प्राप्त गरी विदेशमा राखेको देखिएको सम्पत्ति वा साधनका हकमा अनुसन्धान निकाय वा अधिकारीले त्यस्तो सम्पत्ति वा साधन रहेको स्थान, सो को प्रकृति, संभावित मूल्य र अन्य उपलब्ध भएसम्मका विवरण उल्लेख गरी पारस्परिक कानूनी सहायता सम्बन्धी ऐन, २०७० बमोजिम कानूनी सहायता प्राप्तिका लागि कारबाही सुरु गर्नुपर्नेछ।

  अनुसन्धानकारी निकायले विदेशी वित्तीय जानकारी इकाईहरूबाट सूचना सङ्कलन गर्न वित्तीय जानकारी इकाई समक्ष अनुरोध गर्न सक्नेछन्। साथै, अन्य अन्तर्राष्ट्रिय सहकार्यकालागि आफ्ना समकक्षी निकायहरूसँग सम्पर्क गर्न वा इन्टरपोल (Interpol), एरिन-एपी (ARIN-AP) जस्ता अन्य संयन्त्रहरूको समेत प्रयोग गर्न सक्नेछन्।

## २.८ सम्पत्ति फुकुवा

- रोक्का राखिएको वा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधन कसूरबाट प्राप्त सम्पत्ति वा कसूरसँग सम्बन्धित साधन भएको नदेखिएमा वा त्यस्तो सम्पत्ति वा साधनमा निर्दोष तेस्रो व्यक्तिको कानूनी अधिकार भएको देखिएमा कसूरको सम्बन्धमा मुद्दा दायर भई नसकेको वा दायर नहुने भएमा अनुसन्धान अधिकारीले सरकारी वकिलको परामर्श लिई त्यस्तो सम्पत्ति वा साधन रोक्का राखिएको भए फुकुवा गर्न सम्बन्धित निकायलाई लेखी पठाउनु पर्नेछ र नियन्त्रणमा लिइएको भए सम्बन्धित व्यक्तिलाई फिर्ता दिनु पर्नेछ।
- सम्पत्ति वा साधन फुकुवा भएमा सोको विवरण कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा तत्काल दिनु पर्नेछ।

- निवेदन परि निवेदक त्यस्तो कसूरमा संलग्न भएको नदेखिएमा र त्यस्तो सम्पत्ति वा साधन कसूरबाट प्राप्त सम्पत्ति वा कसूरसँग सम्बन्धित साधन भएको वा शङ्का गर्नु पर्ने मनासिब आधार नभएमा अदालतले रोक्का राखेको वा नियन्त्रणमा लिइएको त्यस्तो सम्पत्ति वा साधन फुकुवा गर्ने आदेश दिन सक्नेछ। त्यस्तो आदेश भएमा कसूर सम्बन्धी मुद्दा अदालतमा दायर भइनसकेको वा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधन विभाग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा बुझाइ नसकेको भए अनुसन्धान अधिकारीले रोक्का राखेको सम्पत्ति वा साधन तत्काल फुकुवा गरिदिनु पर्नेछ र नियन्त्रणमा लिइएको सम्पत्ति वा साधन सम्बन्धित व्यक्तिलाई फिर्ता दिनु पर्नेछ।

## २.९ सहयोग माग गर्नसक्ने

- अनुसन्धान अधिकारीले खोजतलास, रोक्का / नियन्त्रण वा सम्पत्ति वा साधनको मूल्याङ्कनका लागि स्थानीय निकाय, स्थानीय प्रशासन, प्रहरी, संघ, संस्था वा व्यक्तिबाट सहयोगका लागि अनुरोध गर्न सक्नेछ।
- यसरी अनुरोध भएकोमा सम्बन्धित निकाय, संघ संस्था वा व्यक्तिले अनुसन्धान अधिकारीलाई सहयोग गर्नुपर्नेछ।

## ३. समन्वयका मार्गदर्शक सिद्धान्तहरू

- सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको अनुसन्धानका लागि आवश्यक पर्ने वित्तीय सूचना, कसूरजन्य सम्पत्ति र पहिचानसम्बन्धी सूचनामा समयमै पहुँचका लागि सहज बनाउने।
- अभिलेखीकरण र समन्वय मार्फत अनुसन्धानको दोहोरोपना र कार्यगत विरोधाभास हटाउने।
- जटिल, बहु-निकाय वा सीमापार सम्बन्धी मुद्दाहरूको अनुसन्धानका लागि आवश्यकतानुसार संयुक्त अनुसन्धान टोली गठन गर्ने सुनिश्चितता गर्ने।
- सबै निकायहरू आ-आफ्नो वैधानिक कार्य तथा दायित्वप्रति उत्तरदायी रही असल नियतका साथ आपसी सहकार्य गर्ने।
- प्रचलित कानूनको अधीनमा रही सान्दर्भिक सूचनाको आदानप्रदान गर्ने, गोपनीयता र तथ्याङ्क संरक्षण सम्बन्धी व्यवस्थाहरूको पूर्ण पालना गर्ने।

## ४. समन्वयका क्षेत्रहरू

सम्पत्ति शुद्धीकरण कसूरको अनुसन्धानको क्रममा अनुसन्धान निकायहरूले न्यूनतम रूपमा सम्बद्ध निकायसँग निम्न अनुसार समन्वय गर्नुपर्नेछः

| क.स. | निकाय | समन्वयनका क्षेत्र |
|---|---|---|
| १. | नेपाल राष्ट्र बैंक, नेपाल बीमा प्राधिकरण, धितोपत्र बोर्ड | वित्तीय विवरण, बीमा पोलिसी सम्बन्धी विवरण |
| २. | वित्तीय जानकारी एकाइ | शंकास्पद कारोबार प्रतिवेदन (STR), सीमा कारोबार प्रतिवेदन (TTR), शंकास्पद गतिविधि प्रतिवेदन (SAR), वित्तीय कारोबार (खाता, सम्पत्ति कारोबार, वित्तीय गतिविधि) को विश्लेषित प्रतिवेदन |
| ३. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | सम्पत्ति शुद्धीकरण मुद्दा दर्ताको जानकारी विभागलाई दिने, बहु-निकाय संलग्न भई संयुक्त अनुसन्धान टोली आवश्यक पर्ने मुद्दाको अनुसन्धान, अन्य अनुसन्धान निकायबाट अघोषित नगद/सम्पत्ति सम्बन्धी मुद्दा विभागमा पठाउने |
| ४. | बैंक तथा वित्तीय संस्था | व्यक्तिगत विवरण फारम (KYC विवरण), कारोबार विवरण |
| ५. | भूमि व्यवस्थापन विभाग, भूमि प्रशासन शाखा, बबरमहल (भूमि अभिलेख सूचना व्यवस्थापन प्रणाली) | अनुसन्धानमा रहेको व्यक्तिको नाममा रहेको घर जग्गा सम्पत्तिको विवरण |
| ६. | मालपोत कार्यालय | घर, जग्गा र अपार्टमेन्टको कारोबार विवरण |
| ७. | कम्पनी रजिष्ट्रारको कार्यालय | कम्पनी दर्ता, शेयर लेजर, शेयर खरिद÷बिक्री, लेखापरीक्षण प्रतिवेदन, प्रबन्धपत्र, र कम्पनीको प्रस्ताव/निर्णय |
| ८. | वाणिज्य विभाग | निजी फर्म दर्ता र सोमा भएको कारबाहीको विवरण; आन्तरिक/बाह्य व्यापारमा भएको लगानीको विवरण |

| क्र.स. | निकाय | **समन्वयनका क्षेत्र** |
|---|---|---|
| ९. | उद्योग विभाग | उद्योग दर्ता र लगानीको विवरण; स्वीकृत विदेशी लगानी र लगानीको विवरण |
| १०. | आन्तरिक राजस्व विभाग तथा कार्यालयहरू | आर्थिक विवरण, आय र करसम्बन्धी विवरण |
| ११. | लगानी बोर्ड | विदेशी लगानीको स्वीकृति, लगानीको स्रोत, र लगानीको क्षेत्रसम्बन्धमा |
| १२. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय (केन्द्रीय अधिकारी) | मुद्दासम्बन्धी विवरण, विदेशी समकक्षी निकायबाट सूचना/कागजात माग गर्न, कसूरसँग सम्बन्धित सम्पत्ति रोक्का÷नियन्त्रणका लागि |
| १३. | इन्टरपोल | अन्तर्राष्ट्रिय सूचना आदानप्रदानका लागि आवश्यक सूचना जारी गर्न |
| १४. | राजस्व अनुसन्धान विभाग | कर छली, गरिएको कारबाही, सजाय, र जफत भएको सम्पत्तिसम्बन्धी विवरणका लागि |
| १५. | धितोपत्र बोर्ड | शेयर कारोबार र लगानीको विवरण माग गर्न, शेयरसम्बन्धी KYC र लगानी÷कारोबार विवरण; वित्तीय गतिविधिको विवरण |
| १६. | धितोपत्र बजार | शेयरसम्बन्धी KYC र लगानी/कारोबार विवरण; वित्तीय गतिविधिको विवरण |
| १७. | क्लियरिङ हाउस | रकमको ट्रेल र डिजिटल बैंकिङ कारोबारको विवरण पहिचान गर्न; शंकास्पद खाताको अनुगमन र प्रतिवेदनका लागि |
| १८. | यातायात व्यवस्था विभाग | सवारीसाधनका धनी र लगानीको विवरण; सञ्चालन इजाजतपत्रको विवरण |

| क्र.स. | निकाय | समन्वयनका क्षेत्र |
|---|---|---|
| १९. | जिल्ला प्रशासन कार्यालय, निर्वाचन आयोग | व्यक्तिगत पहिचान खुल्ने कागजातका लागि |
| २०. | स्थानीय तह (स्थानीय सरकार) | सम्पत्ति दर्ता र हस्तान्तरण, स्रोतको पहिचान र अनुगमन, व्यापारिक कारोबार, कानूनी कारबाहीको कार्यान्वयन, व्यक्तिगत विवरण, घरभाडासम्बन्धी विवरण |
| २१. | माथि उल्लेख नभएका अन्य निकाय तथा क्षेत्रहरू | अनुसन्धानको आवश्यकता अनुसार |

## ५. कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागको भूमिकाहरू

- विभागले अनुसन्धानकारी निकायहरूबाट सम्पत्ति रोक्का तथा नियन्त्रण सम्बन्धी अभिलेख, महान्यायाधिवक्ताको कार्यालयबाट दाबी सम्बन्धी विवरण, र फैसला कार्यान्वयन निर्देशनालयबाट जफतको आदेश कारबाही भएको ७ दिनभित्र आफ्नो सूचना प्रविधि सफ्टवेयरमार्फत सङ्कलन गर्नुपर्नेछ।
- विभागले प्रतिवेदन प्रणाली (reporting system) र यसको प्रगतिका विषयमा अनुसन्धानकारी निकायहरू, महान्यायाधिवक्ताको कार्यालय र फैसला कार्यान्वयन निर्देशनालयका लागि एक त्रैमासिकमा कम्तीमा दुई पटक बैठक, तालिम र जनचेतनामूलक कार्यक्रमहरू आयोजना गर्नेछ।
- विभागले कसुरजन्य सम्पत्ति तथा साधनहरूको जिम्मेवारी लिई तिनको व्यवस्थापन गर्नेछ।
- विभागले माथि उल्लेख गरिएबमोजिम अभिलेख तथा सम्पत्ति व्यवस्थापनका विषयमा व्यवस्थित र प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक मार्गदर्शन प्रदान गर्नेछ।
- विभागले सम्बन्धित सरोकारवालाहरूसँगको समन्वयमा आफ्नो भूमिका निर्वाह गर्न आवश्यक कार्यगत संयन्त्र गठन गर्न सक्नेछ।

## ६. सम्पत्ति शुद्धीकरण अनुसन्धानका लागि राष्ट्रिय समन्वय कार्यनीति

### ६.१ अधिकारक्षेत्र र मुद्दा पहिचान

- अनुसन्धानकारी निकायले आफ्नो क्षेत्राधिकारभित्रका सम्बद्ध कसूरको अनुसन्धानका लागि जिम्मेवार रहि सम्पत्ति शुद्धीकरण सम्बन्धी तत्वहरु रूपमा पहिचान गर्नुपर्नेछ।
- सम्पत्ति शुद्धीकरण सम्बन्धी तत्व भेटिएमा सम्बन्धित निकायले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ र सम्बन्धित नियमावली बमोजिम त्यस विषयलाई सम्पत्ति शुद्धीकरण सम्बन्धित मुद्दाका रूपमा वर्गीकरण गर्नुपर्नेछ।

### ६.२ सम्पत्ति शुद्धीकरण कसूरको अनुसन्धान र प्रतिवेदन

- सम्पत्ति शुद्धीकरणको तत्व पहिचान भएमा सम्बन्धित निकायले सम्बन्धित सरकारी वकील कार्यालयलाई तुरुन्त जानकारी गराउनुपर्नेछ। साथै अनुसन्धानको जानकारी सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई समेत दिनुपर्नेछ।
- समन्वयात्मक सम्पत्ति शुद्धीकरण अनुसन्धानका लागि सम्बन्धित निकायले सम्बद्ध कसूर, शंकास्पद व्यक्ति, सम्पत्ति र वित्तीय प्रवाहसम्बन्धी विवरण उपलब्ध गराउनुपर्नेछ।

### ६.३ केन्द्रीय अभिलेख र समन्वयात्मक कारबाही

- सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले सबै सम्पत्ति शुद्धीकरणको अनुसन्धान, अभियोजन, ठहर तथा सम्पत्ति जफत कारबाही र सम्बन्धित मुद्दा विवरणको केन्द्रीय अभिलेख राख्नुपर्नेछ।
- महान्यायाधिवक्ताको कार्यालयको सहयोगमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले कुनै मुद्दामा बहु-कसूर, जटिलता वा गम्भीर अपराधिकता संलग्न छ कि छैन भन्ने मूल्याङ्कन गर्नुपर्नेछ। यसरी आवश्यक ठानेमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ तथा संयुक्त/समानान्तर अनुसन्धान मार्गदर्शनबमोजिम समन्वयात्मक संयुक्त अनुसन्धान टोली गठन गर्नुपर्नेछ।

### ६.४ अनुसन्धान समन्वय र अभियोजनको भूमिका

- महान्यायाधिवक्ताको कार्यालयले सम्पत्ति शुद्धीकरण अनुसन्धानका लागि समन्वयात्मक र रूपमा कार्य गर्नेछ। साथै सो कार्यालयले रणनीतिक निगरानी तथा अभियोजनमा एकरुपता सुनिश्चित गर्नेछ।

- सम्पत्ति शुद्धीकरण सम्बन्धी अनुसन्धान गर्ने निकायले सम्पत्ति शुद्धीकरण कसूरको अनुसन्धानको जानकारी सम्बन्धित सरकारी वकील कार्यालयलाई तत्काल दिनुपर्नेछ। साथै अविलम्ब सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाईसमेत सोको जानकारी दिनुपर्नेछ।

### ६.५ सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको समन्वयनकारी भूमिका

- अनुसन्धानको अभिलेख राख्ने र दोहोरोपना वा कार्यगत बाझिने अवस्था (overlap) पहिचान गर्न विद्यमान मुद्दाको विवरणलाई तुलनात्मक जाँच (cross-check) गर्ने।
- त्यस्तो बाझिने अवस्था देखिएमा सम्बन्धित निकायलाई जानकारी गराउने र आवश्यकतानुसार अनुसन्धान रणनीति तथा प्राविधिक सहायता उपलब्ध गराउने।
- बहु-कसूर, गम्भीर कसूर वा अस्पष्ट स्रोतको सम्पत्ति संलग्न मुद्दाको हकमा महान्यायाधिवक्ताको कार्यालयसँग परामर्श गरी संयुक्त अनुसन्धान मार्गदर्शनबमोजिम समन्वयात्मक संयुक्त अनुसन्धान टोली गठन गरी नेतृत्व लिने।

## ७. अनुसन्धानकारी निकायहरूका लागि नीतिगत आवश्यकता

### ७.१ अनुसन्धानको आधार (Trigger)

- प्रत्येक अनुसन्धानकारी निकायले सम्पत्ति शुद्धीकरणको तत्व पहिचान हुनासाथ सोको जानकारी सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई दिनेगरी एक स्पष्ट आन्तरिक संयन्त्रको स्थापना गर्नु पर्नेछ।
- यस्तो जानकारी गर्ने कार्य कुनै व्यक्तिको स्वविवेकमा निर्भर नहुने सुनिश्चित गर्न मुद्दाको उठान, सूचना सङ्कलन तथा आदानप्रदान र अनुसन्धान पुनरावलोकन जस्ता प्रक्रियाहरू आन्तरिक संयन्त्र अन्तरगत अनिवार्य रूपमा समावेश गर्नुपर्ने।

### ७.२ न्यूनतम सूचना स्तर

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई पठाइने जानकारी विद्यमान अनुसन्धानसँग मेल खानेगरी पर्याप्त सूचना समावेश हुनुपर्नेछ।

### ७.३ व्यवस्थापकीय सुपरिवेक्षण तथा अनुपालन

- विभागीय प्रमुख वा प्रत्यक्ष सुपरिवेक्षकले सम्पत्ति शुद्धीकरण सम्बन्धी अनुसन्धानको विषय विभागलाई जानकारी गरिएको विवरण र त्यसमा न्यूनतम सूचनाको मापदण्ड पूरा भए नभएको यकिन गर्न दोस्रो तहको पुनरावलोकन प्रणाली लागू गर्नु पर्नेछ।

- यस्तो सुपरिवेक्षणले अनुपालन नियन्त्रण प्रणाली र परीक्षण योग्य अभिलेख को सिर्जना गरी राष्ट्रिय स्तरको समन्वय र जबाफदेहितालाई प्रवर्द्धन गर्न मद्दत पुऱ्याउने।

## ७.४ कार्यगत टकराब न्यूनीकरण तथा जानकारी

- जानकारी प्राप्त भएपश्चात् सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले केन्द्रीय अभिलेख प्रणाली मार्फत हाल भइरहेका अन्य अनुसन्धानहरूसँग भिडान गरी अनुसन्धानमा कुनै दोहोरोपना (Duplication), अन्तरसम्बन्ध (Convergence), वा कार्यगत टकराब (Operational conflict) भए/नभएको पहिचान गर्नु पर्नेछ।
- यस्तो अवस्था देखिए वा सिर्जना भएमा विभागले सम्बन्धित निकायहरूलाई अविलम्ब सूचित गरी जानकारी गराइएको माध्यम (Notification route) र सोको नतिजा (Outcome) दुवैको स्पष्ट अभिलेख राख्नु पर्नेछ।

## ७.५ बहु-निकायगत समन्वयको स्तर वृद्धि (Multi-Agency Escalation)

- कुनै मुद्दा वा अनुसन्धानमा एकभन्दा बढी कसूरहरू, गम्भीर प्रकृतिका कसूरहरू, वा स्रोत नखुलेको सम्पत्ति समावेश भएको देखिएमा, सम्बन्धित निकायले अभिलेखीय सहायता (Simple repository support) को स्तरबाट उठी संयुक्त अनुसन्धान टोली गठन मार्फत सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको नेतृत्वमा रहने राष्ट्रिय स्तरको समन्वय संयन्त्रमा रूपान्तरण वा स्तर वृद्धि गर्न आवश्यक सहयोग गर्नु पर्नेछ।
- **कानून कार्यान्वयन गर्ने निकायहरूले जटिल तथा परिष्कृत मुद्दाहरूको अनुसन्धानका लागि तपसिल बमोजिमको कार्यगत समन्वय संयन्त्र गठन गर्न सक्नेछन्:**

  क. अनुसन्धान गर्ने निकायबाट समन्वय

  ख. वित्तीय जानकारी इकाईका अधिकारी

  ग. महान्यायाधिवक्ताको कार्यालय वा मातहतका सरकारी वकील कार्यालयका अधिकारी

  घ. कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागका अधिकारी

  ङ. फैसला कार्यान्वयन निर्देशनालयका अधिकारी

च. सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दाको हकमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका प्राविधिक विशेषज्ञ

छ. सम्बन्धित निकायका अधिकारी

ज. आवश्यकता अनुसारका विशेषज्ञहरू

झ. नेतृत्वदायी निकायका तर्फबाट कार्यगत संयन्त्रको सदस्य-सचिव

## ८. सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको समन्वयनकारी कार्य

- सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले कसूरको अनुसन्धानका लागि केन्द्रीय अभिलेखालयको रूपमा कार्य गर्नेछ। विभागले विद्यमान अनुसन्धानका अभिलेखहरूको अध्ययन गर्नेछ र अनुसन्धानमा कुनै दोहोरोपना वा कार्यगत खप्टाइ (Overlap) देखिएमा सम्बन्धित निकायहरूलाई अविलम्ब सूचित गर्नेछ।
- एकभन्दा बढी कसूरहरू, गम्भीर प्रकृतिका कसूरहरू, वा स्रोत नखुलेको सम्पत्ति समावेश भएका मुद्दाहरूमा, विभागले सम्बन्धित निकायहरूसँग समन्वय गरी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिम संयुक्त अनुसन्धान टोली गठन गर्न सक्नेछ।
- संयुक्त अनुसन्धान टोली मार्फत अनुसन्धान गर्न आवश्यक नपर्ने मुद्दाहरूको हकमा, विभागले आवश्यकता अनुसार अनुसन्धान रणनीति र प्राविधिक सहायता उपलब्ध गराउन सक्नेछ।

## ९. समन्वयात्मक सम्पत्ति शुद्धीकरण अनुसन्धानका लागि महान्यायाधिवक्ताको कार्यालय र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको कार्यप्रवाह

यी नीतिहरूलाई कार्यान्वयनमा ल्याउन, महान्यायाधिवक्ताको कार्यालय र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले देहाय बमोजिमको कार्यप्रवाह अपनाउनु पर्नेछः

१. सम्पत्ति शुद्धीकरण सम्बन्धी अनुसन्धानको प्रतिवेदन गर्ने सबै अनुसन्धानकारी निकायहरूबाट प्राप्त हुने सूचनामा एकरूपता सुनिश्चित गर्न एक मानकीकृत प्रेषण ढाँचा (Standardized referral template) लागू गरी कायम राख्ने।

२. संयुक्त अनुसन्धान टोली संलग्न प्रत्येक मुद्दाका लागि महान्यायाधिवक्ताको कार्यालय र विभागमा एक/एक जना समन्वय अधिकृत तोक्ने र प्रत्येक सहभागी निकायमा नाम तोकिएका कार्यगत सम्पर्क व्यक्तिहरू रहने व्यवस्था गर्ने।

३. सम्पत्ति शुद्धीकरण सम्बन्धी प्रतिवेदन गर्ने दायित्वलाई मनन गरी सो कार्य सम्पन्न गरिएको छ छैन भन्ने यकिन गर्न सम्बन्धित अधिकृतहरूका (Line officers) लागि एक सरल अनुपालन परीक्षण (Compliance check) प्रणाली लागू गर्ने।

४. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ तथा संयुक्त वा समानान्तर अनुसन्धान सम्बन्धी मार्गदर्शन बमोजिम संयुक्त अनुसन्धान टोली अनुसन्धानका लागि स्पष्ट मापदण्ड र व्यवस्थापकीय प्रबन्ध तय गर्ने।

५. अभिलेख जाँच, निकायहरूलाई दिइएको पूर्वसूचना, प्रदान गरिएको परामर्श, समन्वय सम्बन्धी निर्णयहरू र संयुक्त अनुसन्धान टोली का गतिविधिहरूको परीक्षण योग्य अभिलेख अद्यावधिक राख्ने।

६. आतङ्ककारी कार्यमा वित्तीय लगानी वा नेपाली सेनाको संलग्नता सान्दर्भिक हुन सक्ने अवस्थामा, सुरक्षित रूपमा माथिल्लो तहमा प्रतिवेदन गर्ने माध्यम (Secure escalation routes) र सूचना आदानप्रदानमा अपनाउनुपर्ने सुरक्षणका उपायहरू (Information-sharing safeguards) सहितको विशेष व्यवस्थापन कार्यविधि (Special handling procedures) स्थापना गर्ने।

७. अनुसन्धानमा हुन सक्ने ढिलासुस्ती वा असमान प्रक्रियालाई रोक्न, आतङ्ककारी कार्यमा वित्तीय लगानी र सेनासँग सम्बन्धित अनुसन्धानहरूको हकमा मुद्दा व्यवस्थापन संयन्त्र (Case-handling mechanisms) स्पष्ट पार्ने।

८. निकायहरू बीच सम्पत्ति शुद्धीकरण सम्बन्धी प्रतिवेदनको एकरूपता र समन्वय संयन्त्रको प्रयोगको अवस्था परीक्षण गर्न आवधिक रूपमा सुनिश्चितता परीक्षण (Assurance checks) सञ्चालन गर्ने।

## १०. सम्पत्ति शुद्धीकरण अनुसन्धान समन्वय कार्यप्रवाह

| चरण | उत्प्रेरक (Trigger)/थ्रेसहोल्ड | आवश्यक कारबाही | नीतिगत नियन्त्रण |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. पहिचान | कसूर वा अनुसन्धानमा पहिचान/महान्यायाधिवक्ताको कार्यालयको जाँच | अनुसन्धानकारी निकायले सम्पत्ति शुद्धीकरणको अनुसन्धान बारे सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई जानकारी दिने। | मुद्दाको उठान प्रक्रियामा अनिवार्य रुपमा सम्पत्ति शुद्धीकरणको तत्व देखिएमा सोको जानकारी गर्नुपर्ने व्यवस्था समावेश गर्ने। |
| २. न्यूनतम तथ्याङ्क सङ्कलन | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई प्रारम्भिक जानकारी। | उपलब्ध भएसम्म नाम, जन्म मिति र विशिष्ट पहिचान विवरणहरू उपलब्ध गराउनुपर्ने। | प्रमाणीकृत सिफारिस ढाँचा र तथ्याङ्कको गुणस्तर जाँच। |
| ३. केन्द्रीय अभिलेखालय जाँच | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट प्राप्ति | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले सम्पत्ति शुद्धीकरण अनुसन्धानको अभिलेख राख्ने र विद्यमान अनुसन्धानहरूसँग भिडाइ जाँच गर्ने। | प्राप्त हुनासाथ अभिलेखालयमा दर्ता र अन्तर-प्रणाली जाँच सम्पन्न गरिने। |
| ४. बहु-मुद्दा व्यवस्थापन | सम्भावित दोहोरोपन वा सम्बन्धित मुद्दाको पहिचान | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले **माग बमोजिम सहयोग गर्न सक्नेछ।** | स्पष्ट जानकारी/अधिसूचना मार्ग र परीक्षण ट्रेल (audit trail)। |

| | | | |
|---|---|---|---|
| | | | |
| ५. रणनीतिक सहायता | एकल-निकाय, कम जटिल प्रकृतिका मुद्दाहरू | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले आवश्यकता अनुसार अनुसन्धान रणनीति र प्राविधिक सहायता उपलब्ध गराउने। | दिइएको परामर्शको अभिलेख राख्ने र अनुगमनका बुँदाहरू ट्र्याक (track) गरिने। |
| ६. बहु-निकाय समन्वय | बहु-कसुर, गम्भीर कसुर वा अस्वाभाविक सम्पत्ति (unexplained wealth) | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले समन्वयात्मक संयुक्त अनुसन्धानको आवश्यकताका सम्बन्धमा सुझाव प्रदान गर्नेछ। | औपचारिक समन्वय योजना, तोकिएका निकायका प्रमुखहरू र सुशासनको कार्यप्रणाली। |

## ११. जोखिम र न्यूनीकरण

निम्न जोखिम र सोसँग सम्बन्धित न्यूनीकरण उपायहरूलाई ध्यान दिनुपर्नेछः

| जोखिम | परिणाम | न्यूनीकरणका उपाय |
|---|---|---|
| ढिलो वा असङ्गत प्रतिवेदन | सुरुवाती चरणमै दोहोरोपन वा सम्बन्धित अनुसन्धानहरूको पहिचान नहुनु। | अनिवार्य प्रतिवेदन गर्नुपर्ने व्यवस्था र विभागीय प्रमुख वा सुपरिवेक्षकबाट पुनरावलोकन। |

| | | |
|---|---|---|
| अपूर्ण पहिचान विवरणहरू | अभिलेखालय जाँच गर्दा सम्बन्धित मुद्दाहरू छुट्न सक्ने। | न्यूनतम तथ्याङ्क मापदण्ड र सिफारिस ढाँचा। |
| अस्पष्ट स्तरोन्नति (Escalation) सीमा | गम्भीर वा बहु-कसुरका मुद्दाहरूले समन्वयात्मक कारबाही/प्रतिक्रिया प्राप्त गर्न नसक्ने। | बहु-कसुर, गम्भीर कसुर वा अस्वाभाविक सम्पत्तिसँग आबद्ध गरी निर्णयको सीमा निर्धारण गर्ने। |
| संवेदनशील मुद्दाको कारबाही प्रक्रिया अस्पष्ट हुनु | आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी र/वा सेनासँग सम्बन्धित विषयहरू समावेश भएका मुद्दाहरूमा ढिलाइ हुने वा असङ्गत तरिकाले कारबाही हुन सक्ने। | माथिल्लो तहमा पठाउने स्पष्ट मार्ग (escalation pathway) र सूचना आदान-प्रदानसम्बन्धी सुरक्षणका उपायहरू परिभाषित गर्ने। |

## १२. अनुसन्धान समन्वय संयन्त्रका भूमिकाहरू

- संयन्त्रले यस मार्गदर्शन अन्तर्गत सम्पादन गरिएका कार्यहरूको अनुगमन तथा पुनरावलोकन गर्नेछ।
- संयन्त्रले यस मार्गदर्शनमा आवश्यक संशोधन गर्न सक्नेछ।
- संयन्त्रले सम्पादित कार्यहरूको प्रतिवेदन समन्वय समिति समक्ष पेश गर्नुपर्नेछ।